"मीठे बच्चे– माता-पितालाई अनुसरण गरेर तख्तनशीन बन , यसमा कुनै मेहनत छैन , केवल बाबालाई याद गरेर पवित्र बन।"

प्रश्नः– गरिब-निवाज बाबाले आफ्ना बच्चाहरूको भाग्य बनाउनको लागि कुनचाहिँ राय दिनुहुन्छ?

उत्तरः– प्यारा बच्चाहरू! शिवबाबालाई तिम्रो केही चाहिँदैन। तिमीले खाऊ, पिऊ, पढ– रिफ्रेश भएर जाऊ तर चामल मुठ्ठीको पनि त गायन छ। २१ जन्मको लागि धनवान बन्नु छ भने गरिबको एक पैसा पनि धनवानको १०० रूपियाँ बराबर हुन्छ। बाबा डाइरेक्ट आउनु भएको छ, त्यसैले आफ्नो सबैथोक सफल गर।

गीतः– तुम्हीं हो माता पिता तुम्हीं हो....

ओम् शान्ति। गीतको अर्थ त बच्चाहरूले बुझ्यौ। हुन त उनीहरूले पुकार्छन् तर बुझ्दैनन्। तिमीलाई थाहा छ– उहाँ हाम्रो पिता हुनुहुन्छ। वास्तवमा उहाँ केवल तिम्रो मात्र होइन, सबैको पिता हुनुहुन्छ। यो पनि बुझ्नु छ– जति पनि आत्माहरू छन्, ती सबैको बाबा परमात्मा अवश्य हुनुहुन्छ। बाबा-बाबा भन्नाले वर्सा अवश्य याद आउँछ। बाबालाई याद गर्नाले नै विकर्म विनाश हुन्छ। बाबाले बच्चाहरूलाई भन्नुहुन्छ– तिम्रो आत्मा पतित बनेको छ, अब उसलाई पावन बनाउनु छ। सबैको बाबा हुनुहुन्छ, त्यसैले बच्चाहरू अवश्य निर्विकारी हुनुपर्छ। कुनै समयमा सबै निर्विकारी थिए। बाबाले स्वयं सम्झाउनु हुन्छ– श्री लक्ष्मी-नारायणको राज्य हुँदा त्यतिबेला सबै निर्विकारी थिए। यतिका सबै जो मनुष्य आत्माहरू देख्छौ, उनीहरू पनि निर्विकारी हुन्छन् किनकि शरीर त विनाश हुन्छ। बाँकी आत्माहरू गएर निराकारी दुनियाँमा रहन्छन्। त्यहाँ विकारको त नाम-निशान हुँदैन। शरीर नै हुँदैन। त्यहाँ देखि नै सबै आत्माहरू आउँछन्– यस दुनियाँमा पार्ट खेल्न। पहिला सुरूमा तिमी आउँछौ। यहाँ पहिलो सुरूमा यी लक्ष्मी-नारायणको राज्य थियो, त्यतिबेला अरू सबै धर्मका आत्माहरू निराकारी दुनियाँमा थिए। यस समयमा सबै साकारी दुनियाँमा छन्। अहिले बाबाले तिमी बच्चाहरूलाई निर्विकारी बनाउनु हुन्छ, निर्विकारी देवी-देवता बनाउनको लागि। जब तिमी देवी-देवता बन्छौ, तिम्रो लागि अवश्य नयाँ दुनियाँ चाहिन्छ। पुरानो दुनियाँ खतम हुनुपर्छ। शास्त्रहरूमा महाभारत लडाइँ पनि देखाइएको छ। देखाइएको छ– ५ पाण्डव बाँकी रहे, तिनीहरू पनि पहाडमा गले। कोही बचेन। ठीक छ, यतिका सबै आत्माहरू कहाँ गए त? आत्मा त विनाश हुँदैन। भन्छन्– निराकारी, निर्विकारी दुनियाँमा गए। बाबाले विकारी दुनियाँबाट निराकारी, निर्विकारी दुनियाँमा लैजानु हुन्छ। तिमीले जानेका छौ– बाबासँग त अवश्य वर्सा मिल्नुपर्छ। अहिले दुःख बढेको छ। यस समयमा हामीलाई सुख-शान्ति दुवै चाहिन्छ। भगवानसँग सबैले माग्छन्– हे भगवान! हामीलाई सुख दिनुहोस्, शान्ति दिनुहोस्। हरेक मनुष्यले पुरुषार्थ गर्छ नै धनको लागि। पैसा छ भने सुख हुन्छ। तिमीलाई बेहदको बाबाले धेरै पैसा दिनुहुन्छ। तिमी सत्ययुगमा कति धनवान थियौ। हीरा जुहारतका महल थिए। तिमी बच्चाहरूलाई थाहा छ– हामी बेहदको बाबासँग बेहद स्वर्गको वर्सा लिन आएका छौं। सारा दुनियाँ त आउँदैन। बाबा यहाँ नै आउनु हुन्छ। भारतवासी नै यस समयमा नर्कवासी छन् फेरि बाबाले स्वर्गवासी बनाउनु हुन्छ। भक्तिमा दुःखको कारण बाबालाई जन्म-जन्मान्तर याद गर्यौ– हे परमपिता परमात्मा, हे कल्याणकारी दुःख हर्ता, सुख कर्ता बाबा। उहाँलाई याद गर्छन् त्यसैले अवश्य उहाँ आउनु पनि हुन्छ। यतिकै फोकटमा कहाँ याद गर्छन् र। सम्झन्छन्– भगवान बाबा आएर भक्तहरूलाई फल दिनुहुन्छ। त्यो त सबैलाई दिनुहुन्छ नि। बाबा त सबैको हुनुहुन्छ नि।

तिमीले जानेका छौ– हामी सुखधाममा जान्छौं। बाँकी सबै शान्तिधाममा जान्छन्। जब सुखधाममा हुन्छौं, त्यतिबेला सारा सृष्टिमा सुख-शान्ति हुन्छ। बाबाको त बच्चाहरूमा प्यार हुन्छ नि। अनि फेरि बच्चाहरूको पनि माता-पितामा प्यार हुन्छ। यो पनि गाउँछन्– तिमी माता-पिता... जिस्मानी माता-पिता भएर पनि गाउँछन्– तिमी माता-पिता.... तिम्रो कृपाले सुख अपार। लौकिक माता-पिताको लागि त यसरी गाइँदैन। हुन त उनले पनि बच्चाहरूलाई सम्हाल्छन्, मेहनत गर्छन्, वर्सा दिन्छन्। विवाह गराउँछन्। फेरि पनि अपार सुख त पारलौकिक माता-पिताले नै दिनुहुन्छ। अहिले तिमी हौ ईश्वरीय धर्मका बच्चा। ती सबै हुन् आसुरी धर्मका बच्चा। सत्ययुगमा कहिल्यै कसैले धर्मको बच्चा बनाउँदैन। त्यहाँ त सुख नै सुख हुन्छ। दुःखको नाम-निशानै हुँदैन। बाबा भन्नुहुन्छ–

म आएको हुँ २१ पीढीको लागि तिमीलाई स्वर्गको अपार सुख दिन।

अहिले तिमीले जानेका छौ– बेहदको बाबासँग हामीले स्वर्गको अपार सुख पाइरहेका छौं। यो दु:खको सबै बन्धन समाप्त हुन्छ। सत्ययुगमा हुन्छ सुखको सम्बन्ध। कलियुगमा हुन्छ दु:खको बन्धन। बाबाले सुखको सम्बन्धमा लैजानु हुन्छ। उहाँलाई भनिन्छ नै दु:ख हर्ता सुख कर्ता। बाबाले आएर बच्चाहरूको सेवा गर्नुहुन्छ। बाबा भन्नुहुन्छ– म आज्ञाकारी सेवक हुँ। तिमीले मलाई आधाकल्प याद गर्यौ, हे बाबा आएर हामीलाई अपार सुख दिनुहोस्। अब म आएको छु दिनकौ लागि, त्यसैले श्रीमतमा चल्नु छ। यो मृत्युलोक सबै खतम हुँदैछ। अमरलोक स्थापना हुन्छ। अमरपुरीमा जानको लागि अमरनाथ बाबासँग तिमीले अमरकथा सुन्छौ। त्यहाँ त कोही मर्दैन। मुखबाट कहिल्यै यस्तो भनिदैन– फलाना मर्यो। आत्माले भन्छ– मैले यो पुरानो शरीर छोडेर नयाँ लिन्छु। त्यो त राम्रो भयो नि। त्यहाँ कुनै बिमारी आदि हुँदैन। मृत्युलोकको नाम हुँदैन। म आएको हुँ तिमीलाई अमरपुरीको मालिक बनाउन। त्यहाँ जब तिमीले राज्य गर्छौ, त्यतिबेला मृत्युलोकको केही पनि याद आउँदैन। तल झर्दै-झर्दै हामी के बन्छौं, त्यो पनि थाहा हुँदैन। नत्र सुख नै उड्छ। यहाँ त तिमीले सारा चक्र बुद्धिमा राख्नु छ। वास्तवमा स्वर्ग थियो, अहिले नर्क हो, त्यसैले त बाबालाई बोलाउँछन्। तिमी आत्माहरू शान्तिधामका निवासी हौ। यहाँ आएर पार्ट खेल्छौ। यहाँबाट तिमीले संस्कार लिएर जान्छौ, घरमा। फेरि त्यहाँबाट आएर नयाँ शरीर धारण गरेर राज्य गर्छौ। अहिले तिमीलाई निराकारी, आकारी र साकारी दुनियाँको समाचार सुनाउँछु। सत्ययुगमा कहाँ यो थाहा हुन्छ र। त्यहाँ त केवल राज्य गर्छौ। ड्रामालाई अहिले तिमीले जानेका छौ। तिम्रो आत्माले जान्दछ– सत्ययुगको लागि हामीले पुरुषार्थ गरिरहेका छौं। स्वर्गमा जान योग्य अवश्य बन्छौ। आफ्नो पनि कल्याण र अरूको पनि कल्याण गर्छौ। फेरि उनीहरूको आशीर्वाद तिम्रो शिरमा आइरहन्छ। तिम्रो योजना हेर कस्तो छ। यस समयमा सबैको आ-आफ्नो योजना छ। बाबाको पनि योजना छ। तिनीहरूले बिजुली आदिका ड्याम आदि बनाउँदा कति करोडौं रूपियाँ खर्च गर्छन्। बाबा सम्झाउनु हुन्छ– अब ती सबै हुन् आसुरी योजना। हाम्रो हो ईश्वरीय योजना। अब कसको योजना विजयी हुन्छ? उनीहरू त आपसमा नै लड्छन्। सबैको योजना माटोमा मिल्छ। उनले कुनै स्वर्गको स्थापना त गर्दैनन्। उनले जे जति गर्छन् दु:खको लागि। बाबाको त योजना छ स्वर्ग बनाउने। नर्कवासी मनुष्यले नर्कमा नै रहनको लागि योजना बनाउँछन्। बाबाको योजना स्वर्ग बनाउने चलिरहेको छ। त्यसैले तिमीलाई कति खुशी हुनुपर्छ। गायन पनि गर्छौ– हजुरको कृपाले अपार सुख मिल्छ। त्यो त पुरुषार्थ गरेर लिनु छ नि। बाबा भन्नुहुन्छ– जे चाहिन्छ, लेऊ। चाहे विश्वको मालिक राजा रानी बन, चाहे फेरि दास-दासी बन– जति पुरुषार्थ गर्छौ। बाबाले केवल भन्नुहुन्छ– एक त पवित्र बन, अनि हरेकलाई बाबाको परिचय दिइराख। बाबालाई याद गर्यौ भने विश्वको बादशाही तिम्रो। बाबालाई याद गर्दा नै मायाले धेरै विघ्न पार्छ। बुद्धियोग तोडिदिन्छ। बाबा भन्नुहुन्छ– जति मलाई याद गर्छौ, त्यति पाप पनि भस्म हुन्छ र उच्च पद पनि पाउँछौ। त्यसैले भारतवर्षको प्राचीन योग प्रसिद्ध छ। बाबालाई मुक्तिदाता पनि भनिन्छ। २१ जन्मको लागि बाबाले तिमीलाई दु:खबाट मुक्त गर्नुहुन्छ। तिमीहरू सुखधाममा हुन्छौ, बाँकी सबै शान्तिधाममा हुन्छन्। निराकारी दुनियाँ र साकारी दुनियाँको योजना देखाउनाले झट्ट बुझ्छन्, अरू धर्मका स्वर्गमा आउन सक्दैनन्। स्वर्गमा त हुन्छन् नै देवी-देवताहरू। यो ड्रामाको ज्ञान बाबा सिवाए कसैले सम्झाउन सक्दैन। बच्चाहरू आउँछन् नै बाबासँग वर्सा लिन। अपार सुख त हुन्छ नै सत्ययुगमा। पछि गएर रावण राज्य हुन्छ। त्यसमा हुन्छ अपार दु:ख। अहिले तिमीले बुझेका छौ– बाबाले हामीलाई सच्चा-सच्चा कथा सुनाएर अमरलोकमा जान योग्य बनाउनु हुन्छ। अहिले यस्तो कर्म गर्छौ, त्यसैले त २१ जन्मको लागि धनवान बन्छौ। भन्छन् पनि– धनवान भव, पुत्रवान् भव.... त्यहाँ तिमीलाई एक बच्चा, एक बच्ची अवश्य मिल्छ। आयुष्मान् भव, तिम्रो आयु पनि १५० वर्ष हुन्छ। कहिल्यै अकालमा मृत्यु हुँदैन। यो बाबाले नै सम्झाउनु हुन्छ। तिमीले आधाकल्प मलाई पुकार्दै आयौ। संन्यासीले यस्तो कहाँ भन्छन् र? उनले के जानून्! बाबाले बसेर कति प्यारसँग सम्झाउनु हुन्छ। प्यारा बच्चाहरू! यो एक जन्म यदि पावन बन्छौ भने २१ जन्म पावन दुनियाँको मालिक बन्छौ। पवित्रतामा त सुख हुन्छ नि। तिमी पवित्र दैवी धर्मका थियौ। अब अपवित्र बनेर दु:खमा आइपुगेका छौ। स्वर्गमा निर्विकारी थियौं, अहिले विकारी बनेकाले नर्कमा दु:खी भएका छौ। बाबाले त पुरुषार्थ गराउनु हुन्छ नि। स्वर्गका महाराजा-महारानी बन। तिम्रा बाबा मम्मा बन्नुहुन्छ नि। त्यसैले तिमीले पनि पुरुषार्थ गर, यसमा अलमलिने कुनै कुरा नै छैन। बाबाले त कसैलाई ढोग्न पनि दिनुहुन्न।

बाबा सम्झाउनु हुन्छ– मैले तिमीलाई सुन हीराका महल दिएँ। स्वर्गको मालिक बनाएँ। फेरि आधाकल्प तिमीले

भक्ति मार्गमा ढोग्दै, पैसा पनि दिँदै आयौ। ती सुन हीराका महल सबै कहाँ गए? तिमी स्वर्गबाट झर्दै-झर्दै नर्कमा आइपुगेका छौ। अब तिमीलाई फेरि स्वर्गमा लैजान्छु। तिमीलाई कुनै मेहनत गराउन्न। केवल मलाई याद गरेर पवित्र बन। ठीक छ एक पैसा पनि नदेऊ। खाऊ, पिऊ, पढ, रिफ्रेश भएर जाऊ। बाबाले त केवल पढाउनु हुन्छ। पढाइको पैसा केही लिनुहुन्न। भन्छन्– बाबा हामीले अवश्य दिन्छौं, नत्र त्यहाँ महल आदि कसरी मिल्छ? भक्ति मार्गमा पनि तिमीले ईश्वर अर्थ गरिबलाई दान दिन्थ्यौ, फल पनि ईश्वरले दिनुहुन्छ। गरिबले कहाँ दिन्छन् र। तर त्यो मिल्छ एक जन्मको लागि। अब त बाबा हजुर डाइरेक्ट आउनु भएको छ। हामी यो थोरै पैसा दिन्छौं, हजुरले हामीलाई २१ जन्मको लागि स्वर्गमा दिनुहोला। बाबाले सबैलाई धनवान बनाइदिनुहुन्छ। पैसा दिन्छौ भने तिमीलाई नै रहनको लागि भवन आदि बनाइन्छ। नत्र यो सबै कसरी बन्छ? बच्चाहरूले नै यो भवन आदि बनाउँछन् नि। शिवबाबा भन्नुहुन्छ– म त यसमा रहने होइन। शिवबाबा त निराकार दाता हुनुहुन्छ नि। तिमीले दिन्छौ, तिमीलाई २१ जन्मको लागि फल दिनुहुन्छ। म त तिम्रो स्वर्गमा नै आउँदिन। मलाई नर्कमा आउनुपर्ने हुन्छ, तिमीलाई नर्कबाट निकाल्नको लागि। तिम्रा गुरुहरूले त अझै दलदलमा फँसाइदिन्छन्। उनले कुनै सद्गति दिँदैनन्। अब बाबा आउनु भएको छ पवित्र दुनियाँमा लैजान, फेरि यस्तो बाबालाई किन याद गर्दैनौ? बाबा भन्नुहुन्छ– कत्ति पनि पैसा नदेऊ। केवल मलाई याद गर्यौ भने पनि पाप नाश हुन्छ अनि मेरो पासमा आउँछौ। यी भवन आदि तिमी बच्चाहरूले आफ्नो लागि नै बनाउन लगाएका हौ। यहाँ चामल मुठ्ठीको गायन छ नि। गरिबले आफ्नो हिम्मत अनुसार जति दिन्छन्, त्यति उनीहरूको पनि बन्छ। जति धनवानको पद, त्यति गरिबको। दुवैको समान हुन्छ। गरिबको पासमा छ नै १०० रूपियाँ, त्यसबाट एक रूपियाँ दिन्छ। धनवानको धेरै छ, उसले १०० दिन्छ। दुवैको समान फल मिल्छ, त्यसैले बाबालाई गरिब-निवाज भनिन्छ। सबै भन्दा गरिब छ भारत। म आएर धनवान बनाउँछु। गरिबलाई नै दान दिइन्छ नि। कति क्लियर गरेर बाबाले सम्झाउनु हुन्छ। प्यारा बच्चाहरू! अब मृत्यु सामुन्ने खडा छ, अब छिटो-छिटो गर। यादको रफ्तार बढाऊ। परमप्रिय बाबालाई जति याद गर्छौ, त्यति वर्सा मिल्छ। तिमी धेरै धनवान बन्छौ। बाबाले तिमीलाई यस्तो भन्नुहुन्न– ढोग, मेला, तीर्थमा जाऊ। केही पनि पर्दैन। घरमा बसेर बाबा र वर्सालाई याद गर। पुग्यो। बाबा हुनुहुन्छ बिन्दु। उहाँलाई परमपिता परमात्मा भनिन्छ। सुप्रीम सोल, सबै भन्दा उच्च हुनुहुन्छ। बाबा भन्नुहुन्छ– म पनि बिन्दु हुँ, तिमी पनि बिन्दु हौ। केवल भक्ति मार्गको लागि मेरो ठूलो रूप बनाएर राखेका छन्। नत्र बिन्दुको पूजा कसरी गरुन्? उहाँलाई भनिन्छ पनि शिवबाबा। कसले भन्यो? अहिले तिमीले भन्छौ– शिवबाबाले हामीलाई वर्सा दिइरहनु भएको छ। आश्चर्य छ नि। ८४ को चक्र घुमिरहन्छ। अनेक पटक तिमीले वर्सा लिएका छौ र लिइ नै रहन्छौ। कति राम्रोसँग बाबा बसेर सम्झाउनु हुन्छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रुहानी बाबाको रुहानी बच्चाहरूलाई नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) मृत्यु सामुन्ने खडा छ, त्यसैले अब यादको रफ्तारलाई बढाउनु छ। सत्ययुगी दुनियाँमा उच्च पद पाउने पूरा पुरुषार्थ गर्नु छ।

२) आफ्नो र अरूको कल्याण गरेर आशीर्वाद लिनु छ। पवित्र दुनियाँमा जानको लागि पवित्र अवश्य बन्नु छ।

वरदानः– नयाँ जीवनको स्मृतिबाट कर्मेन्द्रियहरूमाथि विजय प्राप्त गर्ने मरजीवा भव

जुन बच्चाहरू पूरा मरजीवा बनिसकेका छन् उनीहरूलाई कर्मेन्द्रियहरूको आकर्षण हुन सक्दैन। मरजीवा बन्नु अर्थात् सबै तर्फबाट मर्नु, पुरानो आयु समाप्त भयो। अब नयाँ जन्म भयो, त्यसैले नयाँ जन्म, नयाँ जीवनमा कर्मेन्द्रियहरूको वश हुन कसरी सक्छौ? ब्रह्माकुमार-कुमारीलाई नयाँ जीवनमा कर्मेन्द्रियहरूको वश हुनु भनेको के हो– यो ज्ञानबाट पनि पर। शूद्रपनको अलिकति पनि श्वास अर्थात् संस्कार कहीँ अड्किएको नहोस्।

स्लोगनः– अमृतबेला दिलमा परमात्म स्नेहलाई समाहित गर्यौ भने अरू कुनै स्नेहले आकर्षित गर्न सक्दैन।